**नेपाल राष्ट्र बैंक**

**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**

**पुराना सवारी साधनहरु सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८०/०३/३१

लिलाम सूचना नं: सम्पत्ति/कार्यालय सवारी साधन/लिलाम/२०७९/८०/०१

यस बैंकको स्वामित्वमा रहेका देहाय बमोजिमका पुराना सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाममा बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १७ दिन (मिति २०८०/०४/१६) भित्र प्रत्येक सवारी साधनको लागि छुट्टाछुट्टै बोलपत्र फारम खरिद गरी मिति २०८०/०४/१७ गते बुधबार दिनको १:०० बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं | लिलाम हुने सवारी साधनको विवरण | बनेको साल (ई.सं.) | न्यूनतम लिलाम मुल्य (मू.अ.कर सहित रु.) | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|
| १ | बा.१ क ६३५३ (स्वराज माज्दा बस ) | २००८ | ४,१५,०००।- | ५००।- |
| २ | बा.९ च ७३७४ (सेभ्रोलेट टाभेरा) | २०१२ | ११,६७,०००।- | १,०००।- |
| ३ | बा.९ च ७३७५ (सेभ्रोलेट टाभेरा) | २०१२ | ९,६२,०००।- | ७००।- |
| ४ | बा.९ च ७३७६ (सेभ्रोलेट टाभेरा) | २०१२ | ९,८२,०००।- | ७००।- |
| ५ | बा.९ च ६५२७ (महिन्द्रा स्कारपियो पिकअप 4WD) | २०१२ | १२,०५,०००।- | १,०००।- |
| ६ | बा. ९ च ७३७९ (सेभ्रोलेट टाभेरा) | २०१२ | ११,८७,०००।- | १,०००।- |

(१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति :
   (क) स्थान: सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार
   (ख) समय: दिनको २:०० बजे
   (ग) मिति: २०८०/०४/१७ बुधबार

(२) बोलपत्र साथ बोलपत्र जमानत बापत आफुले कबोल गरेको रकमको (मू.अ.कर सहित) पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिङ्ग विभाग, बालुवाटारमा रहेको खाता नं. ११०९९०१-०११-२०३-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। बोलपत्र स्वीकृत भएका व्यक्ति, फर्म वा कम्पनीहरुले यस बैंकमा राखेको उक्त धरौटी रकम लिलाम सकारेको सवारी साधनहरुको नामसारी भए पश्चात् मात्र फिर्ता गरिनेछ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ३ दिनभित्र सम्झौता गर्नु पर्नेछ। अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ। माथि उल्लेखित न्यूनतम मूल्य बाहेक लाग्ने सम्पूर्ण खर्च एवं भुक्तानी गर्नुपर्ने सम्पूर्ण प्रचलित कर लिलाम सकार्ने पक्षले व्यहोर्नु पर्नेछ।

(४) उपरोक्त तालिकामा उल्लेखित बोलपत्र फारामको दस्तुर (पछि फिर्ता नहुने) यस बैंकको बैंकिङ्ग विभागमा रहेको खाता नं. ११०००००-०३०-०१२-५२४ मा रकम जम्मा गरी यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागबाट खरिद गर्न सकिनेछ।

(५) लिलाम हुने सवारी साधनहरु हेर्न/बुझ्न चाहनेले कार्यालय समय बिहान १०:०० बजे देखि दिउसो ४:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग (**सम्पर्क नं.४४१९८०४ (Ext.३७२ र ३६६)** मा सम्पर्क राख्न सकिनेछ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

(७) बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाईट www.nrb.org.np मा राखिएको छ।